# मुखियापट्टी मुसहरनिया गाँउपालिका

मितिः २०८३/०४/२५

## मुखियापट्टी मुसहरनिया गाँउपालिका

# निजी स्वास्थ्य संस्था (क्लीनिक) तथा फार्मेसी दर्ता, सञ्चालन, नवीकरण तथा नियमन सम्बन्धी कार्यविधि, २०८३

Scanned with CamScanner

# मुखियापट्टी मुसहरनिया गाँउपालिका

## निजी स्वास्थ्य संस्था (क्लीनिक) तथा फार्मेसी दर्ता, सञ्चालन, नवीकरण तथा नियमन सम्बन्धी कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३/०४/१५

प्रमाणीकरण मितिः २०८३/०४/२५

## निजी स्वास्थ्य संस्था (क्लीनिक) तथा फार्मेसी दर्ता, सञ्चालन, नवीकरण तथा नियमन सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः**

मुखियापट्टी मुसहरनिया गाउँ सभाद्वारा स्वीकृत "मुखियापट्टी मुसहरनिया गाउँपालिका निजी स्वास्थ्य संस्था तथा फार्मेसी (दर्ता, सञ्चालन, नियमन तथा व्यवस्थापन) ऐन, २०८३" को दफा १७ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र निजी स्वास्थ्य संस्था, क्लीनिक तथा फार्मेसीको दर्ता, नवीकरण, सेवाको मापदण्ड, अनुगमन र दण्ड-जरिवानाको प्रक्रियालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

Scanned with CamScanner

# परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "मुखियापट्टी मुसहरनिया गाउँपालिका निजी स्वास्थ्य संस्था (क्लीनिक) तथा फार्मेसी सञ्चालन, नवीकरण तथा नियमन कार्यविधि, २०८३" रहनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) गाउँपालिका "अध्यक्ष" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको प्रमुखलाई सम्झिनुपर्छ तथा उपाध्यक्ष भन्नाले मुसहरनिया गाउँपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका सम्झनु पर्छ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) "स्वास्थ्य संस्था/क्लीनिक" भन्नाले गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्रबाट सञ्चालित सामान्य क्लीनिक, विशेषज्ञ क्लीनिक, पोलिक्लिनिक, तथा दन्त क्लीनिक (Dental Clinic) सम्झनु पर्छ।

(घ) "फार्मेसी/औषधि पसल" भन्नाले औषधि व्यवस्था विभागमा दर्ता भई वा यस कार्यविधि बमोजिम दर्ता भई औषधि बिक्री वितरण गर्ने पसल वा काउन्टर सम्झनु पर्छ।

(ङ) "स्वास्थ्य जनशक्ति" भन्नाले सम्बन्धित विषयको काउन्सिलमा दर्ता भएका चिकित्सक, HA (हेल्थ असिस्टेन्ट), CMA (कम्युनिटी मेडिसिन असिस्टेन्ट), ANM (सहायक नर्स मिडवाइफ), AHW (सहायक स्वास्थ्य कार्यकर्ता) लगायतका स्वास्थ्य कर्मीहरू सम्झनु पर्छ।

Scanned with CamScanner

## परिच्छेद – २

## दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र आवेदन प्रक्रिया:**

(१) ऐनको दफा ३ बमोजिम इजाजतपत्र लिन चाहने सञ्चालकले ऐनको दफा ४ मा तोकिएका कागजातहरू संलग्न गरी गाउँपालिकाको स्वास्थ्य शाखामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) प्राप्त निवेदन र कागजातको छानविन गरी स्वास्थ्य शाखाले १५ (पन्ध्र) दिनभित्र तोकिएको दर्ता/इजाजत शुल्क लिई अनुसूची-२ बमोजिमको इजाजतपत्र प्रदान गर्नेछ।

**४. नवीकरण प्रक्रिया:**

(१) ऐनको दफा ५ बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मसान्तभित्र अडिट रिपोर्ट र करचुक्ता विवरणसहित अनुसूची-३ बमोजिमको ढाँचामा नवीकरणका लागि आवेदन दिनुपर्नेछ।

(२) म्यादभित्र नवीकरण नगराउने स्वास्थ्य संस्था वा फार्मेसीलाई ऐनको दफा १० बमोजिम कसुर मानी जरिवानाको प्रक्रिया अघि बढाइनेछ।

## परिच्छेद – ३

## स्वास्थ्य जनशक्तिको कार्य सीमा तथा मापदण्ड

**५. पारामेडिक्स जनशक्तिको दायरा र नियन्त्रणः**

(१) ऐनको दफा ६ बमोजिम HA, CMA, ANM, AHW लगायतका पारामेडिक्स तथा नर्सिङ जनशक्तिले सञ्चालन गरेका क्लीनिक वा सेवा केन्द्रहरूमा प्राथमिक उपचार (First Aid) बाहेकः

- कुनै पनि बिरामी भर्ना गर्न,
- जटिल डाक्टरी जाँच वा विशेषज्ञ सेवा दिन,
- गम्भीर वा कडा रोगको प्रेस्क्रिप्सन (औषधि सिफारिस) लेख्न पूर्ण प्रतिवन्ध रहनेछ। (२) पारामेडिक्स सञ्चालित संस्थामा "यहाँ प्राथमिक उपचार मात्र गरिन्छ" भन्ने स्पष्ट सूचना बोर्ड सर्वसाधारणले देख्ने गरी राख्नुपर्नेछ।

**६. डाक्टर तथा फार्मेसी सञ्चालन मापदण्डः**

(१) ऐनको दफा ७ बमोजिम विशेषज्ञ वा एलोपेथिक सेवा दिने संस्थामा NMC दर्ता डाक्टर (MBBS/MD) को प्रत्यक्ष उपस्थिति र प्रेस्क्रिप्सन अनिवार्य हुनेछ।

(२) ऐनको दफा ८ बमोजिम फार्मेसीमा योग्य फार्मासिष्ट वा फार्मेसी सहायक अनिवार्य रहनुपर्नेछ। चिकित्सकको प्रेस्क्रिप्सन विना कडा औषधि बेच्न र म्याद गुज्रेका औषधि बिक्री गर्न/राख्न पाइने छैन।

८. फार्मेसी तथा औषधि बिक्री सम्बन्धी मापदण्डः

(क) फार्मेसी/औषधि पसल सञ्चालन गर्दा औषधि व्यवस्था विभागको नियम अनुसार फार्मासिष्ट वा फार्मेसी सहायक को उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(ख) चिकित्सकको प्रेस्क्रिप्सन (सिफारिस पत्र) बिना 'Group A' र 'Group B' वर्गका कडा औषधिहरू (Antibiotics, Narcotic, Psychotropic drugs) बिक्री वितरण गर्न पाइने छैन।

(ग) म्याद गुज्रेका औषधिहरू तुरुन्त छुट्टै "Expired Drugs" बक्समा राखी सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद – ४

## अनुगमन, कसुर तथा जरिवाना कार्यान्वयन

७. अनुगमन समितिको सञ्चालनः

(१) ऐनको दफा १३ बमोजिम गठन हुने अनुगमन समितिले वर्षमा कम्तीमा ४ (चार) पटक नियमित र आवश्यकताको खण्डमा जुनसुकै समयमा आकस्मिक अनुगमन गर्नेछ।

(२) अनुगमन टोलीले अनुगमन गर्दा ऐनको दफा ९ अनुसारका कसुरहरू (दर्ता/नवीकरण नभएको, पारामेडिक्सले दायरा नाघेको, योग्य डाक्टर/फार्मासिष्ट नरहेको, म्याद गुज्रेको औषधि बेचबिखन गरेको, फोहोरमैला जथाभावी फालेको) भए/नभएको यकिन गर्नेछ।

८. दण्ड र जरिवाना कार्यान्वयन प्रक्रियाः ऐनको दफा १० र ११ अनुसार कसुर ठहरिएमा अनुगमन समितिको सिफारिसमा देहाय बमोजिमको कारवाही गरिनेछ।

Scanned with CamScanner

| कसुरको पटक | जरिवाना रकम (रु.) | प्रशासनिक कदम / कारवाही |
|---|---|---|
| पहिलो पटक | रु. २५,०००/- | गल्ती सुधार गर्न लिखित सूचना र तोकिएको म्याद दिने। |
| दोस्रो पटक | रु. ५०,०००/- | अन्तिम चेतावनी दिने। |
| तेस्रो पटक | रु. १,००,०००/- | संस्थाको इजाजतपत्र निलम्बन गरी कार्यपालिकामा प्रतिवेदन पेस गर्ने। |
| चौथो पटक वा सोभन्दा बढी | जरिवाना + कडा कारवाही | स्थायी रूपमा इजाजत रद्द, संस्था सिलवन्दी (Seal) र सङ्घीय कानुन (प्रहरी/प्रशासन) अनुसार मुद्दा चलाउन सिफारिस गर्ने। |

९. तत्काल बन्द तथा सिलवन्दी (Seal) गर्ने प्रक्रिया:

(१) ऐनको दफा १३ बमोजिम अनुगमनका क्रममा जनस्वास्थ्यमाथि प्रत्यक्ष गम्भीर खतरा पुग्ने कार्य वा गैर-डाक्टरबाट जटिल उपचार भइरहेको पाइएमा अनुगमन समितिले तत्काल स्थलगत मुचुल्का उठाई संस्थामा सिलवन्दी (Seal) गर्नेछ।

(२) ऐनको दफा १४ बमोजिम अनुगमन समितिले कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिकामा पेस गर्नेछ।

(३) मुलुकी अपराध संहिता, २०७४ अनुसारका सजाय तथा कारवाही

Scanned with CamScanner

मुलुकी अपराध संहिताको भाग-२, परिच्छेद-१९ (इलाज सम्बन्धी कसुर) मा स्वास्थ्य सेवासँग सम्बन्धित गैरकानुनी कार्यलाई गम्भीर अपराधको रूपमा लिइएको छः

- इलाज गर्न नपाउने व्यक्तिले इलाज गर्न नहुने (दफा २३०):
  - कानुन बमोजिम इलाज गर्न पाउने सजाय वा योग्यता नभएको व्यक्तिले कसैको इलाज गर्न वा औषधि दिन पाउँदैन।
  - सजायः यस्तो कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।
- बदनियत चिताई इलाज गर्न नहुने (दफा २३१):
  - कसैको ज्यान लिने वा अङ्गभङ्ग गराउने बदनियतले इलाज गरेमा र सोबाट कसैको मृत्यु भएमा ज्यान मारेसरह (जन्मकैदसम्म) र अङ्गभङ्ग भएमा अङ्गभङ्ग गराए सरहको सजाय हुन्छ।
- लापरवाही वा लापरवाहीपूर्वक इलाज गर्न नहुने (दफा २३२):
  - स्वास्थ्यकर्मीको लापरवाही वा हेलचेक्र्याइँको कारण बिरामीको मृत्यु भएमा वा अङ्गभङ्ग भएमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ।
- मन्जुरीविना इलाज गर्न नहुने / अनुसन्धान गर्न नहुने (दफा २३३/२३५):
  - तोकिएको प्रक्रिया र मन्जुरीविना परीक्षण वा इलाज गरेमा कैद तथा जरिवानाको भागीदार हुनुपर्छ।
- जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुसारका प्रावधान
  - अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने (दफा ५२):

Scanned with CamScanner

- सम्बन्धित निकायबाट इजाजतपत्र (Licence) नलिई कुनै पनि स्वास्थ्य संस्था वा क्लिनिक सञ्चालन गर्न पाईंदैन।

- सजाय तथा कसुर (दफा ५३):
  - अनुमति नलिई संस्था सञ्चालन गरेमा वा तोकिएको मापदण्ड विपरीत सेवा दिएमा उक्त संस्था तत्काल बन्द गराई नियमांनुसार भारी जरिवाना र सञ्चालकलाई कानुनी कारबाही गराइन्छ।
  - झुटा वा भ्रमपूर्ण विज्ञापन/दावी गरी स्वास्थ्य सेवा वा औषधि बिक्री वितरण गरेमा समेत कडा सजाय हुन्छ।

(घ) सम्बन्धित काउन्सिल ऐनहरू अनुसारको व्यवस्था

(जस्तै: नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्/Health Professional Council, नेपाल फार्मेसी काउन्सिल आदि)

- बिना दर्ता सेवा दिन नपाइने:
  - सम्बन्धित काउन्सिलमा नाम दर्ता (Registration) नगरी कुनै पनि व्यक्तिले स्वास्थ्यकर्मीको रूपमा प्राक्टिस वा सेवा दिन पाउँदैन।
- नक्कली प्रमाणपत्र (Fake Doctor/Practitioner):
  - काउन्सिलमा नक्कली कागजपत्र पेश गरी दर्ता भएको वा दर्तै नभई डाक्टर/स्वास्थ्यकर्मी भनी काम गरेको पाइएमा काउन्सिल ऐन अनुसार दर्ता खारेज गरी फौजदारी अभियोगमा प्रहरीमा सिफारिस गरिन्छ।

Scanned with CamScanner

यी प्रचलित नेपाल सरकारको कानुन (मुलुकी अपराध संहिता, जनस्वास्थ्य सेवा ऐन तथा सम्वन्धित काउन्सिल ऐन) अनुसार हदैसम्मको कानुनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय तथा नेपाल प्रहरीमा सिफारिस गरी पठाइनेछ।

## परिच्छेद – ५

## अनुगमन तथा निरूपण

१२. गाउँपालिका स्तरीय अनुगमन समितिः कार्यविधिको पालना भए/नभएको नियमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः

- संयोजकः गाउँपालिका अध्यक्ष/ उपाध्यक्ष
- सदस्यः कार्यपालिका सदस्य, सम्वन्धित वडाका अध्यक्ष वा वडा सदस्य
- सदस्यः गाउँपालिकाले तोकेको मेडिकल अधिकृत/चिकित्सक
- सदस्यः इलाका प्रहरी कार्यालय वा स्थानीय प्रशासनको प्रतिनिधि
- सदस्य सचिवः गाउँपालिका स्वास्थ्य शाखा प्रमुख /जनस्वास्थ्य प्रमुख

१३. तत्काल सञ्चालन रोक्ने अधिकारः अनुगमनका क्रममा जनस्वास्थ्यमाथि प्रत्यक्ष गम्भीर खेलवाड भइरहेको पाइएमा अनुगमन समितिले तत्काल उक्त क्लीनिक वा फार्मेसीको सेवा बन्द गराउन सक्नेछ।

Scanned with CamScanner

## परिच्छेद – ५

## पुनरावलोकन र राजस्व

१०. पुनरावलोकन निवेदनः ऐनको दफा १४ बमोजिम अनुगमन समिति वा कार्यपालिकाको कारवाही निर्णयमा चित्त नबुझ्ने व्यवसायीले निर्णयको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँ कार्यपालिका समक्ष पुनरावलोकन निवेदन दिन सक्नेछ। कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

११. राजस्व सङ्कलनः ऐनको दफा १५ बमोजिम यस कार्यविधि अन्तर्गत सङ्कलन हुने दर्ता, नवीकरण शुल्क तथा जरिवाना रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गराउनुपर्नेछ।

### अनुसूची-१ः इजाजतपत्रका लागि निवेदनको ढाँचा

*(दफा ३ को उपदफा १ सँग सम्बन्धित)*

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषा।

विषयः स्वास्थ्य संस्था / फार्मेसी इजाजतपत्र पाऊँ।

म/हामीले मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं. ...... मा देहाय बमोजिमको निजी स्वास्थ्य संस्था / फार्मेसी सञ्चालन गर्न चाहेकाले ऐनको दफा ४ बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

१. संस्थाको नामः ..............................................................................

२. सञ्चालकको नाम/ठेगानाः .........................................................................

३. संस्थाको, प्रकार (क्लीनिक/फार्मेसी/ल्याब): ..............................................

Scanned with CamScanner

४. रहने प्राविधिक/जनशक्तिको विवरण र काउन्सिल दर्ता नं.:...................

संलग्न कागजातहरू:

(क) नागरिकता प्रतिलिपि

(ख) शैक्षिक र काउन्सिल दर्ता प्रमाणपत्र

(ग) घरबहाल सम्झौता

(घ) फोहोर व्यवस्थापन योजना

(ङ) DDA दर्ता (फार्मेसीको हकमा)।

निवेदकको दस्तखतः .........................

मितिः .........................

अनुसूची-२: इजाजतपत्रको ढाँचा

*(दफा ३ को उपदफा २ सँग सम्बन्धित)*

मुखियापट्टी मुसहरनिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनुषा, मधेश प्रदेश

स्वास्थ्य संस्था / फार्मेसी सञ्चालन इजाजतपत्र

इजाजतपत्र नं: ..............

जारी मिति: ..................

श्री ........................................................... (सञ्चालक/संस्थाको नाम)

Scanned with CamScanner

ठेगानाः मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं. ......

तपाईंलाई मुखियापट्टी मुसहरनिया गाउँपालिका निजी स्वास्थ्य संस्था तथा फार्मेसी (दर्ता, सञ्चालन, नियमन तथा व्यवस्थापन) ऐन, २०८३ र कार्यविधि अनुसार देहायको सर्त पालना गर्ने गरी स्वास्थ संस्था/फार्मेसी सञ्चालन गर्न यो इजाजतपत्र प्रदान गरिएको छ।

इजाजतको प्रकारः (सामान्य क्लीनिक / विशेषज्ञ क्लीनिक / फार्मेसी)

वहाल रहने अवधि: २०८.... आषाढ मसान्तसम्म।

पालना गर्नुपर्ने मुख्य सर्तहरूः

१. पारामेडिक्स (HA/CMA/ANM/AHW) ले प्राथमिक उपचार (First Aid) वाहेकका अन्य जटिल उपचार/प्रेस्क्रिप्सन गर्न पाइने छैन।

२. एलोपेथिक क्लीनिकमा NMC दर्ता डाक्टर र फार्मेसीमा योग्य फार्मासिष्ट अनिवार्य हुनुपर्नेछ।

३. प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गराउनुपर्नेछ।

इजाजतपत्र दिने अधिकारीको दस्तखतः ........................

## परिच्छेद – ६

## विविध

१४. अन्य कानुनसँग नबाझिने: यस कार्यविधिमा लेखिएका विषयहरू प्रचलित नेपाल कानुन (सङ्घीय तथा प्रदेश कानुन) सँग बाझिएमा बाझिएको हकसम्म प्रचलित सङ्घीय तथा प्रदेश कानुन बमोजिम नै हुनेछ।

१५. संशोधन तथा व्याख्या: यस कार्यविधिको व्याख्या गर्ने वा संशोधन गर्ने अन्तिम अधिकार मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिकामा निहित रहनेछ।

प्रमाणित

Scanned with CamScanner

# मुखियापट्टी मुसहरनिया गाउँपालिका

## गाउँ सभा

### धनुषा, मधेश प्रदेश, नेपाल

प्रकाशन मिति: २०८३/३/२६

## मुखियापट्टी मुसहरनिया गाउँपालिकाको निजी स्वास्थ्य संस्था तथा फार्मेसी (दर्ता, सञ्चालन, नियमन तथा व्यवस्थापन) ऐन, २०८३

प्रमाणित

# मुखियापट्टी मुसहरनिया गाउँपालिका निजी स्वास्थ्य संस्था तथा फार्मेसी (दर्ता, सञ्चालन, नियमन तथा व्यवस्थापन) ऐन, २०८३

## प्रस्तावना:

मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूलाई गुणस्तरीय, सुरक्षित, सर्वसुलभ र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न; निजी स्तरमा सञ्चालित स्वास्थ्य संस्था (क्लीनिक) तथा फार्मेसीहरूलाई कानुनी ढाँचाभित्र ल्याई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन; तथा अयोग्य वा अधिकारक्षेत्र बाहिर गई गरिने गैरकानुनी स्वास्थ्य उपचारलाई पूर्ण रूपमा नियन्त्रण गर्न;

**नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र दफा १०२** एवं **जनस्वास्थ्य सेवा ऐन, २०७५** ले दिएको अधिकार प्रयोग गरी मुखियापट्टी मुसहरनिया गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:

(१) यस ऐनको नाम "**मुखियापट्टी मुसहरनिया गाउँपालिका निजी स्वास्थ्य संस्था तथा फार्मेसी (दर्ता, सञ्चालन, नियमन तथा व्यवस्थापन) ऐन, २०८३**" रहनेछ।

(२) यो ऐन सम्पूर्ण मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति (२०८३/०४/२५) देखि प्रारम्भ हुनेछ।

### २. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "**गाउँपालिका**" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका सम्झनु पर्छ।

प्रमाणित

Scanned with CamScanner

(ख) **"गाउँ सभा"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँ सभा सम्झनु पर्छ।

(ग) **"गाउँ कार्यपालिका"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) **"स्वास्थ्य संस्था"** भन्नाले गाउँपालिका क्षेत्रभित्र निजी वा गैरसरकारी क्षेत्रबाट सञ्चालित सामान्य क्लीनिक, विशेषज्ञ क्लीनिक, पोलिक्लिनिक, दन्त क्लीनिक (Dental Clinic), निदानात्मक केन्द्र (Lab/Diagnostic Center) तथा डे-केयर सेन्टर सम्झनु पर्छ।

(ङ) **"फार्मेसी"** भन्नाले औषधि व्यवस्था विभाग वा गाउँपालिकामा दर्ता भई औषधि बिक्री वितरण गर्ने औषधि पसल, काउन्टर वा डिस्पेंसरी सम्झनु पर्छ।

(च) **"स्वास्थ्य जनशक्ति"** भन्नाले सम्बन्धित विषयगत सङ्घीय काउन्सिलहरू (NMC, NNC, NHPC, NPC) मा दर्ता भएका चिकित्सक, HA (हेल्थ असिस्टेन्ट), CMA (कम्युनिटी मेडिसिन असिस्टेन्ट), ANM (सहायक नर्स मिडवाइफ), AHW (सहायक स्वास्थ्य कार्यकर्ता), फार्मासिष्ट तथा फार्मेसी सहायक सम्झनु पर्छ।

## परिच्छेद - २

## इजाजतपत्र, नवीकरण तथा दर्ता सम्बन्धी व्यवस्था

### ३. इजाजतपत्र लिनुपर्ने:

(१) गाउँपालिकाको पूर्व इजाजतपत्र (Licence) नलिई कसैले पनि गाउँपालिका क्षेत्रभित्र कुनै पनि निजी स्वास्थ्य संस्था वा फार्मेसी सञ्चालन गर्न पाउने छैन।

(२) यो ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा फार्मेसीहरूले यो ऐन लागू भएको मितिले ९० (नब्बे) दिनभित्र गाउँपालिकाबाट इजाजतपत्र लिइसक्नु पर्नेछ।

### ४. इजाजतपत्रका लागि पेस गर्नुपर्ने कागजातहरू:

(१) निवेदक/सञ्चालकको नागरिकताको प्रतिलिपि।

(२) सम्बन्धित स्वास्थ्य जनशक्तिको शैक्षिक प्रमाणपत्र तथा **सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र (Council Registration Certificate)** को प्रतिलिपि।

(३) फार्मेसीको हकमा **औषधि व्यवस्था विभाग (DDA)** को दर्ता प्रमाणपत्र र नेपाल फार्मेसी काउन्सिल दर्ता प्रमाण।

Scanned with CamScanner

(४) भवनको लालपुर्जा वा कम्तीमा ३ वर्षको **घरबहाल सम्झौता पत्र।**

(५) जैविक/स्वास्थ्यजन्य फोहोरमैला (Bio-medical Waste) व्यवस्थापन योजना र तोकिएको दर्ता शुल्क बुझाएको रसिद।

## ५. नवीकरण सम्बन्धी व्यवस्था:

प्रत्येक स्वास्थ्य संस्था तथा फार्मेसीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मसान्तभित्र अडिट रिपोर्ट र करचुक्ता गरेको विवरण सहित तोकिएको नवीकरण शुल्क बुझाई गाउँपालिकाको स्वास्थ्य शाखाबाट इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

## परिच्छेद - ३

## स्वास्थ्य जनशक्तिको कार्यसीमा, मापदण्ड तथा दायित्व

## ६. पारामेडिक्स जनशक्तिको कार्यसीमा र प्रतिबन्ध:

**विशेष कानुनी प्रावधान:**

नेपाल सरकारको प्रचलित ऐन तथा सम्बन्धित काउन्सिलको नियमावली अनुसार **HA, CMA, ANM, AHW** लगायतका पारामेडिक्स तथा नर्सिङ जनशक्तिले सञ्चालन गरेका क्लीनिक वा सेवा केन्द्रहरूमा **प्राथमिक उपचार (First Aid)** बाहेक अन्य कुनै पनि प्रकारको जटिल डाक्टरी जाँच गर्ने, बिरामी भर्ना गर्ने, विशेषज्ञ सेवा दिने वा गम्भीर/कडा रोगको प्रेस्क्रिप्सन (औषधि सिफारिस) लेख्ने जस्ता कार्यहरू गर्न **पूर्ण रूपमा प्रतिबन्ध** लगाइएको छ।

### ७. एलोपेथिक चिकित्सक सम्बन्धी व्यवस्था:

(१) एलोपेथिक/विशेषज्ञ सेवा प्रदान गर्ने क्लीनिक वा पोलिक्लिनिकहरूमा **नेपाल मेडिकल काउन्सिल (NMC)** मा दर्ता भएका **एलोपेथिक चिकित्सक (MBBS/MD)** को प्रत्यक्ष भौतिक उपस्थिति र प्रेस्क्रिप्सन अनिवार्य हुनेछ।

(२) संस्थाको बाहिर सर्वसाधारणले देख्ने गरी सेवा दिने चिकित्सकको नाम, काउन्सिल दर्ता नम्बर, योग्यता, सेवा समय र स्वीकृत शुल्क दर टाँस्नु पर्नेछ।

## ८. फार्मेसी तथा औषधि बिक्री सम्बन्धी मापदण्ड:

(१) फार्मेसी/औषधि पसल सञ्चालन गर्दा औषधि व्यवस्था विभागको नियमानुसार योग्य **फार्मासिष्ट वा फार्मेसी सहायक** को उपस्थिति अनिवार्य हुनेछ।

(२) चिकित्सकको वैध प्रेस्क्रिप्सन बिना कडा तथा नियन्त्रित औषधिहरू (Antibiotics, Narcotics, Psychotropic drugs) बिक्री वितरण गर्न पाइने छैन।

(३) म्याद गुज्रेका, प्रतिबन्धित वा गुणस्तरहीन औषधिहरू बिक्री गर्न पाइने छैन। म्याद गुज्रेका औषधिलाई छुट्टै "Expired Drugs" बक्समा राखी नियमानुसार विसर्जन गर्नुपर्नेछ।

## परिच्छेद - ४:

## अनुगमन, कसुर तथा दण्ड-जरिवाना

### ९. उल्लङ्घन तथा कसुर मानिने अवस्था:

देहायका कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसुर मानिनेछ:

(क) गाउँपालिकाबाट इजाजतपत्र नलिई वा नवीकरण नगराई स्वास्थ्य संस्था वा फार्मेसी सञ्चालन गरेमा।

(ख) HA, CMA, ANM, AHW आदिले प्राथमिक उपचार (First Aid) को दायरा नाघी अन्य डाक्टरी उपचार वा प्रेस्क्रिप्सन गरेमा।

(ग) योग्यता/काउन्सिल दर्ता नभएका गैर-प्राविधिक व्यक्तिबाट बिरामी जाँच वा औषधि बिक्री गराएमा।

(घ) चिकित्सकको सिफारिस बिना कडा/नियन्त्रित औषधि बिक्री गरेमा वा म्याद गुज्रेको औषधि राखे/बेचेमा।

(ङ) स्वास्थ्यजन्य जैविक फोहोर (Bio-medical Waste) जथाभावी फालेमा।

### १०. जरिवानाको दायरा र संरचना:

अनुगमनका क्रममा दफा ९ बमोजिमको कसुर गरेको पाइएमा गाउँपालिकाको अनुगमन समितिको सिफारिसमा अनुगमन अधिकारीले पटकै पिच्छे देहाय बमोजिमको नगद जरिवाना तथा प्रशासनिक कारबाही गर्नेछ:

| कसुरको संख्या | जरिवाना रकम (रु.) |
| --- | --- |
| पहिलो पटक (1st Violation) | रु. २५,०००/- (पच्चीस हजार) |
| दोस्रो पटक (2nd Violation) | रु. ५०,०००/- (पचास हजार) |
| तेस्रो पटक (3rd Violation) | रु. १,००,०००/- (एक लाख) |

## ११. गम्भीर कसुर तथा कानुनी कारबाही:

चौथो पटक वा सोभन्दा बढी उल्लङ्घन गरेमा, वा अनुगमनका क्रममा गम्भीर गैरकानुनी काम भई बिरामीको ज्यान जोखिममा परेमा वा अङ्गभङ्ग भएमा:

१. गाउँपालिकाले उक्त स्वास्थ्य संस्था वा फार्मेसीको **दर्ता/इजाजतपत्र स्थायी रूपमा रद्द गरी संस्था सिलबन्दी (Seal)** गर्नेछ।

२. प्रचलित **मुलुकी अपराध संहिता, २०७४, जनस्वास्थ्य सेवा ऐन, २०७५** तथा सम्बन्धित काउन्सिल ऐन बमोजिम थप कैद तथा कानुनी कारवाहीका लागि **जिल्ला प्रशासन कार्यालय तथा नेपाल प्रहरीमा सिफारिस गरी पठाइनेछ।**

## परिच्छेद - ५

## अनुगमन, नियमन तथा पुनरावलोकन

## १२. गाउँपालिका स्तरीय अनुगमन समिति:

यस ऐनको पालना र नियमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ:

- **संयोजक:** गाउँपालिका अध्यक्ष/उपाध्यक्ष
- **सदस्य:** सम्बन्धित वडाका अध्यक्ष वा वडा सदस्य
- **सदस्य:** गाउँपालिकाले तोकेको मेडिकल अधिकृत (चिकित्सक)
- **सदस्य:** इलाका प्रहरी कार्यालय वा स्थानीय प्रशासनको प्रतिनिधि

Scanned with CamScanner

• **सदस्य-सचिव:** गाउँपालिका स्वास्थ्य शाखा प्रमुख/जनस्वास्थ्य प्रमुख

**१३. अनुगमन समितिको अधिकार र आकस्मिक सिलबन्दी:**

(१) अनुगमन समितिले जुनसुकै समयमा स्वास्थ्य संस्था वा फार्मेसीको आकस्मिक निरीक्षण गर्न सक्नेछ।

(२) निरीक्षणका क्रममा जनस्वास्थ्यमाथि प्रत्यक्ष गम्भीर खतरा पुग्ने कार्य वा गैर-डाक्टरबाट जटिल उपचार भइरहेको पाइएमा अनुगमन समितिले **तत्काल उक्त क्लीनिक वा फार्मेसीको सेवा बन्द गरी सिलबन्दी (Seal)** गर्न सक्नेछ।

## १४. पुनरावलोकन वा पुनरावेदन:

अनुगमनको क्रममा जनस्वास्थ्य माथि प्रत्यक्ष गम्भीर खेलबाड भैरहेको पाइएमा अनुगमन समितिले कार्यपालिकामा सो को प्रतिवेदन पेश गरि नियमानुसार कार्यवाहीका लागि सिफारिस गर्नेछ । कार्यवाहीको निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यवसायीले निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँ कार्यपालिका समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ। कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद - ६:

## विविध

## १५. राजस्व खातामा जम्मा हुनुपर्ने:

यस ऐन बमोजिम सङ्कलन हुने दर्ता शुल्क, नवीकरण शुल्क तथा जरिवाना बापतको रकम मुखियापट्टी मुसहरनिया गाउँपालिकाको **स्थानीय सञ्चित कोष (आन्तरिक राजस्व खाता)** मा जम्मा हुनेछ।

## १६. सङ्घीय तथा प्रदेश कानुनसँग नबाझिने:

यस ऐनमा लेखिएका विषयहरू प्रचलित सङ्घीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हकसम्म प्रचलित सङ्घीय वा प्रदेश कानुन बमोजिम हुनेछ।

प्रमाणित

Scanned with CamScanner

**१७. नियम वा कार्यविधि बनाउने अधिकार:**

यो ऐन कार्यान्वयन गर्नका लागि आवश्यक नियम, कार्यविधि वा मापदण्ड बनाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**१८. बचाउ:**

यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानुन बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणित